**U N I T E D  N A T I O N S** **N A T I O N S  U N I E S**

**महासचिव**

--

अन्तर्राष्ट्रिय शान्ति दिवसका उपलक्ष्यमा सन्देश

<u>२१ सेप्टेम्बर २००८ (२०६५ असोज ५)</u>

यो वर्ष अन्तर्राष्ट्रिय शान्ति दिवसको विशेष अर्थ छ।

यो वर्ष मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र अङ्गीकार गरेको साठिऔं वार्षिकोत्सव पनि हो। मानवअधिकार शान्तिका लागि अत्यावश्यक छ भन्ने हामीलाई ज्ञात छ। तैपनि विश्वभरिका कयौं मानिसहरूको अधिकारको हनन भइरहेको छ, यस्तो विशेषतः सशस्त्र द्वन्द्वका क्रममा हुने गरेको छ।त्यसैले पनि घोषणापत्रमा उल्लेखित अधिकारहरूको वास्तविक उपभोग हुनु पर्ने कुरालाई हामीले सुनिश्चित गर्नैपर्छ। ति अधिकारका बारेमा सबै क्षेत्रका सबै जनाले ति अधिकारका बारेमा थाहा पाउन, बुझ्न र अपभोग गरून।यसका अतिरिक्त मानवअधिकारको संरक्षण हुनै पर्ने मानिसहरूलाई घोषणापत्रको अस्तित्वका बारेमा जानकारी दिनुका साथै त्यो घोषणापत्र उनीहरूका लागि नै अस्तित्वमा छ भन्ने थाहा दिनु पर्छ।

यही बखतमा, हाम्रा अगाडि विकासको चटारो पनि छ।एक्काइसौ शताब्दीमा उत्तम विश्व निर्माण गर्ने सबै मुलुकका नेताहरूले सहमती जनाएको साझा लक्ष्य– सहश्राब्दी विकास लक्ष्यको आधा समयावधी यो वर्ष नाघिसकेका छौं। शान्तिका लागि लक्ष्य प्राप्ति गर्नु अत्यावश्यक छ।तर अफ्रिकाका कयौं मुलुकहरू तोकिएको समयसीमा अर्थात सन् २०१५ सम्ममा एउटा पनि लक्ष्य पूरा गर्ने बाटोमा समेत हिंडेका छैनन्। यसै कारणले यो भिन्नताको अन्त्यका लागि प्रयास गर्न एउटा गठबन्धन बनाउन अन्तर्राष्ट्रिय शान्ति दिवसभन्दा तुरून्तै पछि सरकारहरू नागरिक समाज तथा व्यवसायीहरू संयुक्त राष्ट्रसंघमा बैठक गर्दैछन्।

अन्तर्राष्ट्रिय शान्ति दिवसका दिन एकताबद्ध हुने धेरै कुराहरू छन्।संसारभरिका मानिसहरूलाई परिचालित गर्न, संयुक्त राष्ट्रसंघले लिखित सन्देशको अभियान थाल्दैछ।मेरो सन्देशमा भनेको छु, “२१ सेप्टेम्बर २००८ (२०६५ असोज ५)का दिन अन्तर्राष्ट्रिय शान्ति दिवसमा, द्वन्द्व, गरिबी तथा भोकमरीविरुद्ध र सबैका लागि सबै मानवअधिकारका लागि हातेमालो गर्न म संसारभरका सबै नेता तथा मानिसहरूलाई आव्हान गर्छु।”

हामी सबै मिलेर शान्तिका लागि शक्तिशाली सन्देश पठाऔं जसलाई संसारभरिनै पढिने छ, सुनिने छ र आत्मसात् गरिने छ।